# सुवर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## कवहीगोठ,बारा
## मधेश प्रदेश,नेपाल

**माछा पोखरी शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशन मितिः-२०८२/०१/१७**

यस सुवर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कवहीगोठ,बाराको मिति २०८१/१२/२६ गतेको निर्णय अनुसार सुवर्ण गाउँपालिकाको क्षेत्र अधिकार भित्र रहेका तपसिल अनुसारको माछा पोखरीहरुको आ.ब. २०८१/८२ देखि ५(पाँच) बर्षको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सरोकावालाहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र इच्छुक नेपाली नागरिक (ब्यक्ति वा फर्म) ले देहायको शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउ पेश गर्नुहुन यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का लगाउने पोखरी | ठेगाना | पोखरीको क्षेत्रफल | निर्धारित न्युन्तम दर | ठेक्का अवधी |
|---|---|---|---|---|---|
| १ | बोर्डर छेउ माछा पोखरी | सुवर्ण-०७ सन्फुलवा | ३-०-० | २१,००,०००/- | ५ बर्ष |
| २ | दिवापुर माछा पोखरी | सुवर्ण -०७ चौरैया | ०४-१५-० | ३९,००,०००/- | ५ बर्ष |

ठेक्काका शर्तहरु

१. दर भाउ खरिद गर्ने इच्छुक ब्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त ब्यक्तिले दस्तखत गरेको लिखित निवेदन साथ नविकरण भएको इजाजत पत्र,प्यान/भ्याट रजिस्ट्रेशन प्रमाण-पत्र,कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न गरि यो सुचना प्रकाशन भएको मितिले १५ औं दिन कार्यालयको समय भित्र शिलबन्दी दरभाउ पत्रको दस्तुर रु १,०००/-(एक हजार मात्र)(पछि फिर्ता नहुने गरि) यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको आन्तरिक राजश्व खाता नम्वर 05507907200017 मा जम्मा गरेको सकल भौचर सहित निवेदन पेश गरे पछि नियमानुसार दरभाउ पत्र यस कार्यालयबाट उपलब्ध गराइने छ।

२. खरिद भएको फाराममा सबै विवरण प्रष्ट सँग भरेको प्रस्ताव तथा विड डकुमेन्ट खरिद गरेको रसिद संलग्न राखि शिलबन्दी खाममा लाहछाप लगाई सुवर्ण गाउँपालिकाको कार्यालय कवहिगोठ,बारामा पेश गर्नुपर्ने छ।

३. सकार गर्ने कबोल अंक शिलबन्दी गरि मिति २०८२/ ०२/ ०१ गते दिनको १२:०० बजे यस गाउँपालिकामा पेश गरि सक्नु पर्नेछ। पेश हुन आएको शिलबन्दी खाम सोहि दिनको २:०० बजे सुवर्ण गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

४. शिलबन्दी खोलिने समयमा ठेक्काका लागि आवेदन दिएका ब्यक्ति वा फर्महरु प्रत्यक्ष वा आफ्ना प्रतिनिधी मार्फत सहभगी हुनु पर्नेछ। आवेदन दिएका कुनै ब्यक्ति वा फर्म सहभागी नभएमा ठेक्का प्रकृया अघि बढाउन कार्यालयलाई कुनै बाधा पर्ने छैन। खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट हुनेछ।

५. ठेक्का सकार गर्ने ब्यक्ति वा फर्मले आफुले सकार गर्ने अंकको ५ प्रतिशतले हुन आउने रकम धरौटी/जमानत यस गाउँपालिकाको नाउँमा हिमालयन बैंक लिमिटेड कवहीगोठ शाखामा रहेको धरौटी खाता नम्बर 05507907200014 मा जम्मा गराई सकल बैंक भौचर सहित शिलबन्दी गरि बुझाउनु पर्नेछ। विदेशी नागरिक वा फर्मको हकमा कुल सकार अंकको १० प्रतिशतले हुन आउने रकम धरौटी/जमानत स्वरुप राख्नु पर्ने छ।

६. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गरेमा ५ प्रतिशत रकम छुट दिइनेछ तर किस्तामा बुझाएमा यो सुविधा प्राप्त हुने छैन। शिलबन्दी कावोल गरेको रकम ५ (पाँच) किस्तामा बुझाउनु पर्नेछ।

सुजित कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

७. सम्झौता गर्न आउँदा कबोल गरेको अंकको १३ प्रतिशत भ्याट र पहिलो किस्ता बराबरको रकम जम्मा गरि सोको सकल भौचर पालिकामा पेश गर्नु पर्नेछ । सम्पुर्ण भ्याट रकम अग्रिम दाखिला नगरेमा सम्झौता गरिने छैन ।

८. बाँकी ४(चार) किस्ता बराबरको ठेक्काको अन्तिम अवधीसम्म म्याद रहेको नेपाल सरकार बाट मान्यता प्राप्त बैंकको बैंक ग्यारान्टी वा सो रकम बराबरको जग्गा धितो राख्रि सोको कागजात पेश गर्नु पर्नेछ । धरौटी वापतको रकम अन्तिम किस्ता बुझाई सकेपछि मात्र फिर्ता गरिनेछ।

९. तोकिएको समयमा किस्ता नबुझाएमा वा गाउँपालिकाको शर्तहरुको पालना गरेको नपाइएमा धरौटी जफत गरि ठेक्का रद्ध गर्न कार्यालय बाध्य हुनेछ।

१०. तोकिएको समय भित्र स्वीकृत हुने शिलबन्दी ठेक्काको ठेकेदारले समझौता गर्न नआएमा धरौटी रकम जफत गरि क्रमशः दोस्रो,तेस्रो बढी अंक कबोल गर्ने ठेकेदारलाई समझौताको लागि सुचित गरिने छ।

११. गाउँपालिकालाई पेश्की रकम,जिन्सी बुझाउन बाँकी वा वेरुजु तिर्न बाँकी रहेका ब्यक्ति वा फर्मले ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैन । यदि कुनै कारण बस त्यस्तो ब्यक्ति वा फर्मको ठेक्का स्वीकृत भएमा पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरि धरौटी रकम समेत जफत गरिने छ।

१२. माथी उल्लेखित पोखरीहरु जुन अवस्थामा रहेका छन सोही अवस्थामा शिलबन्दी ठेक्का कबोल गर्नुपर्ने छ । बाढी बर्षा वा कुनै प्राकृतीक प्रकोपले माछा वा पोखरीमा कुनै किसिमको हानी नोक्सानी भएमा वा डिल भत्केमा वा बगाएमा ठेकेदारले स्वयम मर्मत गरि माछा पालन गर्नुपर्ने छ । सो कामको लागि लाग्ने मर्मत खर्च गाउँपालिकाले ब्यहोर्ने छैन । ठेक्का सकार गर्ने ब्यक्ति वा फर्मले ठेक्का अवधी भरीका लागि कृषि बीमा गराउनु पर्ने छ ।

१३. ठेकेदार र गाउँपालिका बीच विवाद उत्पन्न भएमा सुवर्ण गाउँपालिकाले गर्ने निर्णय दुबै पक्षलाई मान्य हुनेछ। यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

१४. कुनै शर्त राखी पेश गरेको रित बोलपत्र माथी कुनै कारवाही गरिने छैन । बिगतका आ.ब.मा टेन्डर स्वीकृत भई सम्झौता गर्न पत्रचार गर्दा पनि सम्झौता नगरेका र बक्यौता रकम बाँकी रहेका तथा भ्याट रकम दाखिला नगरेका फर्महरुलाई मुल्याङ्कन गर्दा अयोग्य मानिनेछ ।

१५. कालो सुचीमा परेका वा यस पालिकाको बक्यौता नतिरेको ब्यक्ती वा फर्मको बोलपत्र स्वत रद्ध हुनेछ ।

१६. बोलपत्र फर्म भर्दा अंक र अक्षरमा रकम भर्नु पर्नेछ। अंक र अक्षरमा रकम घटबढ भएमा अक्षर रकमलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहिछाप गर्नु पर्नेछ ।

१७. बोलपत्र छनौट भएपछि सार्वजनिक सुचना मार्फत आशय पत्र जारी गरिनेछ । आशय पत्रको म्याद सकिए पछि सम्झौता गर्न आउन १५(पन्ध्र) दिनको म्याद दिइनेछ । यस्तो मितिले १५ दिन भित्र पहिलो किस्ता भ्याट रकम दाखिला गरेपछि मात्र सम्झौता प्रकृया अगाडी बढाईनेछ । म्याद भित्र सम्झौता नगरेमा राखेको बोलपत्र जमानत/धरौटी जफत गरी रितपुर्वक पेश भएको दोस्रो बढी कबोल गर्ने पक्षसंग सम्झौता गर्ने प्रकृया अगाडी बढाईनेछ ।

१८. बोलपत्रदाताले काबोल गरेको अंक र सम्झौताको समयावधिशसंग प्रत्यक्ष सम्बन्ध रहेको छैन र सम्झौता अवधिमा तोकिएको समयावधि सम्म काम गर्न पाएको वा नपाएको भन्ने अधारमा मिनाहा वा छुट माग्न पाइने छैन ।

१९. पोखरीको माछा झिक्दा बिषादीको प्रयोग,करेन्ट लगाउने वा बिष्फोट गर्न पाउने छैन । पोखरीमा नुहाउन,पानी लिन वा प्रचलित समाजिक संस्कार मनाउन मनाही गर्न पाउने छैन।

२०. यस शिलबन्दी दरभाउ पत्र सम्बन्धि कुनै निर्णय लिने अन्तिम अधिकार कार्यालयमा निहित रहने छ।

२१. थप जानकारीका लागि यस सुवर्ण गाउँपालिकाको कार्यालय कवहीगोठ,बारामा सम्पर्क गर्न सकिने छ।

सुजित कुमार यादव
प्र. प्रमुख प्रशासकीय अधिकृत

CamScanner